**आकाशवाणी खरसाङ: प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदीले 'परीक्षा पे चर्चा' को 9 औ संस्करणमा परीक्षा अवधि तनाव अनि चिंतासित जुझ्ने तरिकाहरुबारे विद्यार्थीहरुलाई संबोधित गर्नुभयो।

- राज्यमा पहिचान गरिएका अनमैप्ड' मतदाताहरू मध्ये लगभग १.६ प्रतिशत सुनुवाइको लागि उपस्थित हुन असफल भएको पाइएको थियो।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) ले दार्जीलिङ र कालिम्पोङ जिल्लाका एमआर डिलर्सहरूले भोग्दै आएका समस्याको समाधानका लागि कदम चालेको छ। यता, दार्जिलिङ हिल्स फेयर प्राइज शप्स एसोसिएसनले राशन दोकानहरु बन्द गरेर धारणा जारी राखेको छ|

- रङली चियावगानका श्रमिकको बेतन समस्याबारे छलफल गर्न श्रम मन्त्रीले बैठक डाकेको जानकारी प्राप्त भएको छ।

- आगामी 20 फरवरी देखि मिरिक बैडमिन्टन क्लबको आयोजनमा 7औ सहमेन्दू ओपन बैडमिन्टन टूर्नामेण्ट आयोजन हुने भएको छ।

**<u>पीएम-परीक्षा पे चर्चा</u>**

प्रधानमंत्री नरेंद्र मोदीले विद्यार्थीहरुकोसितको आफ्नो लोकप्रिय संवाद कार्यक्रम 'परीक्षा पे चर्चा' को 9 औ संस्करण अवधि विद्यार्थीहरुसित बातचीत गर्नुभयो। आज जारी एक वीडियोमा, प्रधानमंत्रीले परीक्षा अवधि तनाव अनि चिंतासित जुझ्ने तरिकाहरुबारे विद्यार्थीहरुलाई संबोधित गर्नुभयो। श्री मोदीले विद्यार्थीहरुलाई आफ्नो स्वयंको शिक्षण प्रक्रियामा भरोसा राख्ने सलाह दिनुभयो। उहाँले भन्नुभयो कुनैपनि दुई व्यक्ति एकै प्रकारले सोच्न अनि सिक्न सक्दैन। उहाँले भन्नुभयो प्रत्येक छात्रको आफ्नो फरक शैली हुन्छ, अनि उनीहरुले आफ्नो तैयारीको प्रक्रियामा पूर्ण विश्वास राख्नु पर्नेछ। श्री मोदीले छात्रहरुदेखी शिक्षकहरु, अभिभावकहरु अनि मार्गदर्शकहरुद्वारा दिएको सुझावहरुलाई ध्यानले सुन्ने अनि त्यसलाई गहीराईबाट बुझ्नेमा जोड दिनुभयो। प्रधानमन्त्रीले विद्यार्थीहरूलाई अरूको नक्कल गर्नको साटो उनीहरूले प्राप्त गर्ने कुनै पनि सल्लाहमा आफ्नो अनुभव थप्न प्रोत्साहित गर्नुभयो। श्री मोदीले भन्नुभयो साँचो आत्मविश्वास तब आउँछ जब मार्गदर्शन र आत्मविश्वासको संजोग हुन्छ।

प्रधानमन्त्रीले प्रत्येक विद्यार्थीको सिकाइ गतिप्रति शिक्षकलाई संवेदनशील हुन सुझाव दिनु भयो । उहाँले शिक्षक विद्यार्थीभन्दा एक कदम अगाडि भए मार्गदर्शन व्यावहारिक हुने बताउनुभयो । उहाँले भन्नुभयो लक्ष्यहरू महत्वाकांक्षी, तर पहुँच भित्र हुनुपर्ने, जसले विद्यार्थीहरूलाई तनाव बिना अगाडि बढ्न प्रेरित गर्दछ। शिक्षालाई खेतीसँग तुलना गर्दै श्री मोदीले भन्नुभयो, जसरी किसानले बीउ छर्नुअघि सावधानीपूर्वक माटो जोत्छ, त्यसरी नै शिक्षकहरूले धैर्यपूर्वक विद्यार्थीहरूको दिमागको पोषण गर्नुपर्छ ताकि सिक्ने तरिकाले जरा गाड्न सकोस्। एक विद्यार्थी सवाबत वेंकटेशले प्रधानमन्त्रीलाई सोधे कि के अंक भन्दा कौशल महत्त्वपूर्ण छ? जसको जवाबमा श्री मोदीले सन्तुलन जीवनको हरेक क्षेत्रमा आवश्यक रहेको बताउनुभयो। उहाँले बिन्दुहरू वा सीपहरू एकातिर झुकाउँदा असन्तुलन सिर्जना हुन सक्ने, जबकि सही सन्तुलन कायम राख्दा स्थिरता र वृद्धि सुनिश्चित हुने व्याख्या गर्नुभयो। प्रधान मन्त्रीले भन्नुभयो सीपलाई व्यापक रूपमा दुई श्रेणीमा विभाजन गर्न सकिने जसमा जीवन कौशल र व्यावसायिक सीप, र विद्यार्थीहरूले दुवैको विकासमा ध्यान केन्द्रित गर्नुपर्दछ।

**श्री मोदीले विद्यार्थीहरूलाई मार्गदर्शक पुस्तक, महत्वपूर्ण प्रश्नपुस्तक वा प्रश्न बैंक जस्ता गलत तयारी विधिहरूमा भर नपर्न भन्नुभयो। उहाँले शिक्षकहरूले सम्पूर्ण पाठ्यक्रममा ध्यान केन्द्रित गर्ने, कडा परिश्रमलाई प्रोत्साहन गर्ने र विद्यार्थीहरूलाई उनीहरूले सिकेको ज्ञानको वास्तविक जीवनमा उपयोगलाई बुझ्नमा मद्दत गर्ने बताउनुभयो।**

**सर्वांगीण विकासमा जोड दिँदै प्रधानमन्त्रीले भन्नुभयो शरीर र मनको विकास उत्तिकै महत्त्वपूर्ण छ। उहाँले विद्यार्थीहरूलाई आफ्नो दैनिक दिनचर्यामा व्यायाम, योग, पौष्टिक आहार, पर्याप्त आराम र मानसिक शक्ति सामेल गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले जीवन केवल परीक्षा र अंक सम्म सीमित छैन भन्नुभयो। श्री मोदीले शिक्षा जीवनलाई आकार दिने माध्यम हो, जबकि परीक्षा केवल आफ्नो मूल्याङ्कन गर्ने एक तरीका मात्र हो भन्नुभयो। उहाँले अन्तिम लक्ष्य केवल अंक मात्र हाईन तर जीवनको संपूर्ण विकास हुनुपर्छ भन्नभयो ।बाईट उहाँले विद्यार्थीहरूलाई आफ्नो जीवनलाई सार्थक र उत्कृष्ट बनाउन तयार हुन अपील गर्दै शिक्षा बोझ होइन, जीवन निर्माण गर्ने माध्यम हुनुपर्छ भन्नुभयो यस वर्ष, दिल्लीस्थित प्रधानमन्त्री आवासमा देवमोगरा, कोइम्बटूर, रायपुर र गुवाहाटीका विद्यार्थीहरूसित संवादात्मक सत्र आयोजित गरियो। शिक्षा मन्त्रालयले MyGov पोर्टलको माध्यमले चार करोड़ पचास लाख भन्दा बढी विद्यार्थी, शिक्षक र अभिभावकहरूले पंजीकरण गराएका छन्।प्रधानमन्त्री द्वारा परिकल्पित, परीक्षा पे चर्चा कार्यक्रम राष्ट्रिय शिक्षा नीति 2020 अनुरूप आत्मविश्वास, सकारात्मकता र समग्र कल्याणलाई बढ़ावा दिएर विद्यार्थीहरूको परीक्षा अनुभवलाई नया रूप दिने प्रयास गर्दछ।**

**पश्चिम बंगाल SIR**

पश्चिम बंगालमा पहिचान गरिएका अनमैप्ड' मतदाताहरू मध्ये लगभग १.६ प्रतिशतले बारम्बार सूचना पठाए तापनि आवश्यक पहिचान कागजातहरू सहित सुनुवाइको लागि उपस्थित हुन असफल भएको पाइएको थियो। निर्वाचन दर्ता अधिकारीहरूले पछि उनीहरूलाई अन्तिम मतदाता सूचीबाट हटाउन योग्य ठहराएका छन्।मुख्य निर्वाचन अधिकारी कार्यालयको सूत्र अनुसार, कुल 31,68,426 'अनमैप्ड' मतदाताहरुलाई सुनवाईका लागि बोलाईएको थियो। जसमा 50 हजार भन्दा अधिक मतदाता, अर्थात कुल अनमैप्ड मतदाताको लगभग 1.57 प्रतिशत, सुनवाईमा उपस्थित भएन। यस्ता मतदाताहरुलाई अंतिम मतदाता सूचीबाट हटाउने प्रक्रियामा सामेल गरिएको छ।सूत्रले बताए अनुसार 'अनमैप्ड' मतदाताहरुको सुनवाई पूरा भएको छ अनि अब 'लॉजिकल डिस्क्रेपेंसी' अथवा तार्किक विसंगतिसित जोडिएको मामिलाको सुनवाई चलिरहेको छ। यो तय भइसकेको छ कि 1.57 प्रतिशत 'अनमैप्ड' मतदाता सूचीबाट हटाइने छ।थाहा लागे अनुसार 'अनमैप्ड' मतदाता उनीहरु हुन, जसले वर्ष 2002 को मतदाता सूचीमा न त'सेल्फ-मैपिंग' न 'प्रोजेनी मैपिंग'बाट आफ्नो कुनै संबंध स्थापित गर्न सकेनन्। त्यही, 'लॉजिकल डिस्क्रेपेंसी'को मामिला त्यो हो, जहाँ 'प्रोजेनी मैपिंग' अवधि परिवारसित सम्बन्धित आंकड़ामा असामान्यता पाइएको थियो। राज्यमा कुल 94,49,132 मतदाताहरुलाई 'लॉजिकल डिस्क्रेपेंसी' श्रेणीमा चिन्हित गरी सुनवाईका लागि बोलाईएको थियो। यी मतदाताहरुको सुनवाई हाल जारी छ अनि निर्वाचन आयोगलाई भरोसा छ कि यो प्रक्रिया निर्धारित समय-सीमा सात फरवरीसम्म पूरा हुनेछ।स्मरण रहोस, दिसंबर 2025 मा प्रकाशित मसौदा मतदाता सूचीमा मृत, स्थानांतरित वा दोहोरो नामका कारण 58,20,899 मतदाताहरुको नाम हटाइएको थियो। अब 14 फरवरीमा जब अंतिम मतदाता सूची प्रकाशित हुनेछ, तब हटाइएको मतदाताहरुको अंतिम अनि स्पष्ट संख्या अघि आउनेछ।अंतिम मतदाता सूचीको प्रकाशन पछि निर्वाचन आयोगको पूर्ण पीठले पश्चिम बंगालको भ्रमण गर्नेछ अनि स्थितिको आकलन गर्नेछ। त्यसपछि राज्यमा यस वर्ष हुने अहम विधानसभा चुनावको मतदान तिथिहरुको घोषणा गरिनेछ।

**मुख्यमंत्री ममता बनर्जी**

मुख्यमंत्री ममता बनर्जीले आज सोशल मीडिया प्लेटफॉर्म 'एक्स'मा फरक फरक पोस्टको माध्यमबाट देश अनि बंगालका तीन महान विभूतिहरुलाई उनीहरुको पुण्यतिथिको अवसरमा श्रद्धांजलि अर्पित गर्नुभयो।मुख्यमंत्रीले प्रख्यात गणितज्ञ केशवचंद्र नागको पुण्यतिथिमा उहाँलाई नमन गर्दै उहाँको योगदानलाई याद गर्नुभयो| त्यसै गरी मुख्यमन्त्रीले "द नाइटिंगेल ऑफ इंडिया" लता मंगेशकरलाई उहाँको पुण्यतिथिमा स्मरण गर्नुभयो। उहाँले लेख्नुभयो, लता मंगेशकरको आवाज आज पनि देशको धड़कन

बनेको छ अनि उहाँको संगीत सदैव अमर रहने छ।मुख्यमंत्रीले बंगाली सिनेमाका महान निर्देशक ऋत्विक घटकको पुण्यतिथिमा पनि उहाँलाई विनम्र श्रद्धांजलि दिनुभयो।

**भाजपा-तृणमूल**

भारतीय जनता पार्टीले आज तृणमूल कांग्रेस शासित पश्चिम बंगाल सरकार माथि तुष्टीकरणको राजनीति गरेको आरोप लगाएको छ।नयाँ दिल्लीमा संवाददाता सम्मेलनमा पार्टी प्रवक्ता डा. सुधांशु त्रिवेदीले पश्चिम बंगाल सरकारको बजेटले तुष्टीकरण र असंतुलित प्राथमिकताहरूलाई दर्शाउँदछ।उहाँले आरोप लगाउँदै भन्नुभयो पश्चिम बंगाल सरकारले आफ्नो बजेटमा अल्पसंख्यक मामिला र मदरसाहरूको लागि पांच हजार सात सय करोड़ रुपियाँभन्दा बढी आवंटित गरिएको छ, जबकि उद्योग र वाणिज्यको लागि केवल चौदह सय करोड़ राखिएको छ।डा. त्रिवेदीले एकातिर देश विकासको नयाँ उचाइतिर अघि बढिरहेको बताउनुभयो, जुन हालै प्रस्तुत गरिएको केन्द्रीय बजेटमा स्पष्ट रूपमा देखिन्छ।यसैबीच, ममता बनर्जी सरकारको नेतृत्वमा पश्चिम बंगाल तुष्टीकरणको राजनीतिमा अझ गहिरो डुब्दै गएको छ। उहाँले भन्नुभयो यसको स्पष्ट उदाहरण पश्चिम बंगाल सरकारको बजेटमा देखिन्छ।

**जीटीए एमआर डिलर्स**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) ले दार्जीलिङ र कालिम्पोङ जिल्लाका एमआर डिलर्सहरूले भोग्दै आएका समस्याको समाधानका लागि कदम चालेको छ। जिटिएको पक्षवाट जारी एक बिज्ञप्तिमा यस्तो बताइएको छ। बिज्ञप्ति अनुसार जीटीएका प्रमुख कार्यपाल अनित थापाको हस्ताक्षरित पत्र लिएर डेपुटी चेयरम्यान राजेश चौहान कोलकाता पुगेका थिए। आज कोलकातास्थित खाद्य भवनमा चौहानले पश्चिम बंगालका खाद्य मन्त्री रतिन घोष सँग भेट गरी पत्र औपचारिक रूपमा हस्तान्तरण गरेका थिए। पत्र हस्तान्तरणपछि आयोजित बैठकमा एमआर डिलर्सहरूको वर्तमान अवस्था र उनीहरूका गम्भीर समस्याहरूबारे विस्तृत छलफल भएको बिज्ञप्तिमा बताइएको छ। चौहानले मन्त्रीको ध्यानाकर्षण गराउँदै भने, "एमआर डिलर्सहरूले लामो समयदेखि आफ्ना माग राख्दै आएका छन्, तर ठोस समाधान भएको छैन। यसैले उनीहरू अनिश्चितकालीन हडतालमा उत्रिएका छन्, जसको प्रत्यक्ष असर सर्वसाधारण जनतामा परिरहेको छ।" बिज्ञप्ति अनुसार जीटीएले जनसरोकारका विषयमा सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै, एमआर डिलर्स र आमनागरिक दुवैको हित हुने गरी समस्या समाधान गर्न राज्य सरकारसँग सकारात्मक पहलको अपेक्षा गरेको छ। बैठक सकारात्मक वातावरणमा सम्पन्न भएको जनाइएको छ।

**खरसाङमा राशन दोकानहरु बन्द**

यता, दार्जिलिङ हिल्स फेयर प्राइज शप्स एसोसिएसनले विगत १ फरवरीदेखि राशन दोकानहरु बन्द गरेर धारणा प्रदर्शन जारी राखेको छ भने खरसाङमा पनि उक्त प्रदर्शन जारी रहेको छ। धरणा प्रदर्शनले आज छैटौं दिन प्रवेस गरेको छ। एसोसिएसनको आयोजनामा दार्जिलिङ जिल्ला र कालेबुङ जिल्लाभरि नै रहेका खाद्य विभागको कार्यालय अघि डिलरहरुले प्रदर्शन गरिरहेका छन्। यसै क्रममा खरसाङ महकुमा डिलर्स खाद्य एवं वितरण विभागको कार्यालय अघि पनि धरना जारी छ। पहाडका डिलर्सहरुको माग अनुसार पहाड र मधेसमा एउटै दृष्टिकोणले हेरेर यातायातमा एउटै रकम दिने गरेको जुन मधेशको हेरि पहाडमा दोब्बर खर्च लाग्ने गरेको बताइएको छ। यसको साथै लेवर चार्च पनि पहाडमा दोब्बर लाग्ने गरेको बताइएको छ। यसको साथै अन्य विभिन्न मागहरु लिएर यो बन्द डाकेर धारणा प्रदर्शन गरिएको जानकारी प्राप्त भएको छ।

**भाजपा**

भारतीय जनता पार्टी, दार्जीलिङ जिल्ला समितिको पार्टी कार्यालयको उद्घाटन भोलि हुने भएको छ। कार्यलय दार्जीलिङको चोक बजारस्थित निलमबर बिल्डिङमा स्थापना गरिने छ।उद्घाटन कार्यक्रममा दार्जीलिङका सांसद श्री *राजु बिष्टको विशेष उपस्थिति रहनेछ।

**रङ्ली चियावगान श्रम मन्त्री**

रङली चियावगानका श्रमिकको बेतन समस्याबारे छलफल गर्न श्रम मन्त्रीले बैठक डाकेको जानकारी प्राप्त भएको छ। आज जिटिए प्रशासनका डेपुटी चियरमेन राजेश चौहानले कोलकाताबाट जानकारी दिए अनुसार श्रम विभागले आज एउटा आदेश जारी गरेर आगामी 13 फेब्रुअरीको दिन बैठक डाकेको छ। बैठक श्रम विभाग, बगानको मालिक पक्ष, सम्बन्धित ट्रेड युनियनका प्रतिनिधिहरु माझ हुनेछ। बैठक दागा पुर अवस्थित श्रमिक भवनमा दिउँसो 11.30 मा सुरु हुनेछ। यस अवसरमा श्री चौहानले भन्नुभयो, " चिया श्रमिकको हित अनि अधिकारको निम्ति बिजीपीएम साथै अनित थापाका ेसत्ताले जहिले पनि आवाज उठाएको छ। रङली चियावगानका सयौँ श्रमिकहरूको पीडा, अपेक्षा र न्यायको माग गरेको एक महिना भित्रमा नै श्रम विभागले हाम्रो आवाज सुनेको यो परिणाम हो। रङली चिया बगानको श्रमिकहरुले न्याय पाउनेछन् ।" यस अघि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले राज्यका श्रम मन्त्री मलय घटकलाई सम्बोधन गरी गत 30 जनवरीको दिन पत्रचार गरेका थिए। उक्त पत्र प्रशासनका डेपुटी चियरमेन श्रीमान राजेश चौहानले नै कलकता पुगेर श्रम मन्त्रीलाई हस्तान्तरण गरेका थिए।

**फुर्वा पुजा**

मिरिक जाम्बुलिङ गुम्बामा  बज्रकिलाय फुर्वा पुजा जारी छ। गत  २ फरवरीदेखि विविध बौद्ध परम्परासित सम्बन्धित अनुष्ठानहरु लगातार रुपमा भइरहेको छ। सोही क्रममा आज ढोक्पा गरियो, बौद्ध परम्परामा ढोक्पा गर्नाले नकारात्मक शक्तिलाई पन्छाउन सकिने बिश्वास छ। ढोक्पामा मिरिक क्षेत्रका सबै समुदायका मानिसहरुले भाग लिए। आयोजक समितिले बताए अनुसार आइतबारको दिन वाङ बितरण हुनेछ। ब्रजकिलाय फुर्वा पुजामा हाल सिक्किमका रम्पोर्चेको विशेष उपस्थिति रहेको अनि कालेबुङका टुल्कु रेम्पोर्चे लगायत गुम्बाका धर्मगुरूहरूको विशेष उपस्थिति पनि रहने र उनको प्रमुख उपस्थितिमा पनि पुजा अर्चना सम्पन्न हुने भइरहेको छ। ब्रम्हाण्डको सम्पुर्ण लोकको शान्ति अनि समृद्धिको कामना गर्दै उक्त पुजाको आयोजना गरिएको बताइएको छ।

**स्वास्थ्य क्षेत्रमा कालेबुङ नगरपालिका**

हेरिटेज सटेलाइट हस्पिटल बनारसको विशेष युनिटको रूपमा कालेबुङ नगरपालिका कार्यालय विपरीत तामाङ घुम्बा नजिक हेरिटेज सटेलाइट युनिटको स्थापना गरिएको छ। नगरपालिका प्रशासक रवि प्रधानको विशेष पहलमा बनारसको उक्त हस्पिटलको तक्नीकि युनिटहरूको शुभारम्भ गरिएको छ।  यस क्षेत्रका बिरामीहरूलाई सिलगुडी लगायत अन्य क्षेत्र मा जान भइरहेको असुविधालाई ध्यानमा राखेर उन्नत किसिमको विभिन्न मसिनहरू जडान गरी युनिटको थालनी गरिएको प्रशासक रवि प्रधानले बताएका छन्। प्रशासक रवि प्रधानको विशेष पहलमा आरम्भ गरिएको उक्त युनिटले  विभिन्न टेस्टहरु गरिने छ भने कतिपय गम्भीर बिरामीहरुलाई सोझै बनारस लाने प्रबन्ध गररिनेछ ।

**7औ सहमेन्दू ओपन बैडमिन्टन टूर्नामेण्ट**

आगामी 20,21 र 22 फरवरीको दिन मिरिक बैडमिन्टन क्लबको आयोजनमा 7औ सहमेन्दू ओपन बैडमिन्टन टूर्नामेण्ट* आयोजन हुने भएको छ। यस बर्ष प्रतियोगिता 4 बर्गमा खेलाइने जानकारी प्राप्त भएको छ। जसमा मेन्स ओपन, मेन्स डबल, 35 बर्षमाथिको भेटरेन्स डबल्स अनि कम्बाइन्ड एजमा 95 प्लस डबल्स रहेको छ। कम्बाइन्ड एज बर्गमा दुइ खेलाडी मध्ये एकको आयु पैतालिस अनि अर्को खेलाडीको आयु पचासभन्दा माथि हुनु पर्नेछ। एक भिडियो जारी गर्दै क्लबका अध्यक्ष मनि राई, महासचिव रितेश गुप्ता टूर्नामेण्ट अध्यक्ष बिशाल गुरूग र प्रबक्ता शकल्याण राईले खेल गोर्खा रंगमंच भवनमा अवस्थित मिरिक बैडमिन्टन हल मा सम्पन्न हुने जानकारी दिए। प्रतियोगितामा भारत, नेपाल, भूटानसहित स्थानीय खेलाडीहरुले भाग लिनेछ भने veterans खेल गोर्खाल्याण्ड क्षेत्रीय प्रसाशन र सिक्किमका खेलाड़ीहरूले मात्र भाग लीन सक्नेछन्। प्रतियोगितामा विजेता र उपविजेता दलहरुलाई नगद राशीको साथमा आकर्षक ट्रॉफी पनि प्रदान गरिनेछ।

****** ० ******